# रिब्दीकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## खस्यौली, पाल्पा
## लुम्बिनी प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:- ०७८/७९
च.नं.:- १८४३

मिति :-२०७८।१२।३०

**बिषय :- कोभिड १९ विरुद्धको पहिलो,दोस्रो र बुस्टर मात्रा खोप अभियान सम्बन्धमा ।**

**श्री स्वास्थ्य संस्था सबै**
**रिब्दीकोट गाउँपालिका , पाल्पा**

प्रस्तुत बिषयमा स्वास्थ्य कार्यालय पाल्पाको च. नं. ३५९ मिति २०७८।१२।२८ को पत्र अनुसार यस रिब्दीकोट गाउँपालिकामा कोभिड १९ विरुद्ध बुस्टर मात्रा खोप २०७८ बैशाख ५ र ६ गते अभियान संचालन हुने भएकोले खोपको दोस्रो मात्रा लगाएको कम्तिमा ३ महिना (**२०७८ माघ ०५ गते सम्ममा दोस्रो मात्रा खोप**) पुरा भएका नागरिकलाई बुस्टर मात्रा खोप तथा हाल सम्म कुनै पनि मात्राको खोप नपाएकाको लागि कोभिशिल्ड खोपको पहिलो मात्रा, दोस्रो मात्रा खोप कार्डको आधार तपशिलको मिति,स्थान र समयमा लगाउने कार्यकम रहेकोले आफ्नो कार्यक्षेत्र भित्रका लक्षित समुहलाई खोप लगाउन पायक पर्ने स्थानमा पठाई सहयोग गर्नु हुन अनुरोध छ ।

तपशिल :

| क.स. | खोप केन्द्र | वडा | मिति | समय |
|---|---|---|---|---|
| १ | श्री ख्याहा स्वास्थ्य चौकी | १ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| २ | श्री देउराली स्वास्थ्य चौकी | २ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| ३ | श्री खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र | ३ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| ४ | श्री भैरवस्थान स्वास्थ्य चौकी | ४ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| ५ | श्री कुसुमखोला स्वास्थ्य चौकी | ५ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| ६ | श्री ठिमुरे स्वास्थ्य चौकी | ६ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| ७ | श्री पालुङ्मैनादी स्वास्थ्य चौकी | ७ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |
| ८ | श्री फेक स्वास्थ्य चौकी | ८ | २०७९/०१/ ०५ र ०६ | ११ बजे देखि ४ बजे सम्म |

खोप लगाउन आउँदा पालना गर्नु पर्ने नियमहरु :-

- बुस्टर/दोस्रो मात्राको लागि पहिले लगाएको खोप कार्ड अनिवार्य लिएर खोप केन्द्रमा आउनु पर्नेछ ।
- खोप केन्द्रमा मास्क लगाई कम्तिमा २ मिटरको भौतिक दुरी कायम हुने गरी स्वास्थ्य संस्थाले दिएको टोकन लिई लाइनमा बसी खोप लगाउनु पर्नेछ ।
- कोभिड १९ संकमित भएका नागरिकहरुलाई संकमित मुक्त भएको १ महिना पछी मात्र बुस्टर मात्रा लगाउनुहुन ।

सुनिल अधिकारी
स्वास्थ्य सयोजक

...बस अर्याल
प्रमुख प्रशासकीय अधिकृत